हेटौंडा उपमहानगरपालिका

# हेटौंडा राजपत्र

खण्डः ५ मितिः २०७८।११।२५

## भाग- ३

# हेटौंडा उपमहानगरपालिका आधारभुत शिक्षा (कक्षा ८ उत्तिर्ण) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७७ को पहिलो संशोधन, २०७८

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका आधारभुत शिक्षा (कक्षा-८ उत्तिर्ण) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगरकार्यपालिकाले यो निर्देशिका संशोधन जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** यस संशोधनको नाम " हेटौंडा उपमहानगरपालिका आधारभुत शिक्षा (कक्षा-८ उत्तिर्ण) परिक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७७ को पहिलो संशोधन २०७८" रहेको छ।

**२. दफा ७ को (१) संशोधनः** आधारभुत शिक्षा उत्तिर्ण परीक्षा समितिको गठन देहाय बमोजिम हुनेछः

हेटौंडा राजपत्र

क) शिक्षा विकास महाशाखा प्रमुख- अध्यक्ष

ख) हेटौंडा उपमहानगरपालिका अन्तर्गतका कक्षा ८ सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्येबाट (सकभर नेपाली र अङ्ग्रेजी विषयका) शिक्षक २ जना (कम्तीमा १ जना महिला पर्ने गरी) - सदस्य

ग) संस्थागत विद्यालयको प्रतिनिधि एकजना- सदस्य

घ) शिक्षा विकास महाशाखाको माध्यमिक शिक्षा हेर्ने अधिकृत- सदस्य

ङ) शिक्षा विकास महाशाखाको कम्प्यूटर प्राविधिक- सदस्य

च) शिक्षा विकास महाशाखाको आधारभुत शिक्षा हेर्ने अधिकृत- सदस्य सचिव

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र